नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)

फोन नं. {

पत्र संख्याः- २.१.५/०७५।७६
चलानी नं.:- १८

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०७५।०४।०४

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

अत्यन्त जरुरी

**विषय : का.स.मु.सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइहरु, सवै ।
श्री राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालयहरु, सवै ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट शिक्षा विकास तथा समन्वय इकाइ, राष्ट्रिय परीक्षा बोर्ड र प्रदेश तथा स्थानीय तहमा कामकाज गर्न खटिएका निजामती कर्मचारीहरुको आ.व.२०७४।७५ को कार्यसम्पादन मूल्यांकन सम्बन्धमा मिति २०७५।४।४ मा देहाय बमोजिम निर्णय भएकोले सोही अनुसार कार्यसम्पादन मूल्यांकन गर्नु गराउनु हुन अनुरोध छ ।

**१) शिक्षा विकास तथा समन्वय इकाइमा कार्यरत कर्मचारीको हकमा-**

- का.स.मु.फाराम सम्बन्धित कार्यरत इकाईमा दर्ता गर्ने ।
- राजपत्राकिंत द्वितीय श्रेणीका इकाइ प्रमुख र अन्य राजपत्राकिंत द्वितीय श्रेणीका कर्मचारीले सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट सुपरिवेक्षण गराई पुनरावलोकनको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पठाउने ।
- रा.प.द्वितीय श्रेणीका इकाइ प्रमुख भएको जिल्लामा कार्यरत रा.प.तृतीय श्रेणीका कर्मचारीहरुले इकाइ प्रमुखबाट सुपरिवेक्षण गराउने र सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट पुनरावलोकन गराई शिक्षा तथा मानब श्रोत विकास केन्द्रमा पठाउने ।
- रा.प.तृतीय श्रेणीका इकाइ प्रमुख भएको जिल्लामा इकाइ प्रमुख र अन्य रा.प.तृतीय श्रेणीका कर्मचारीले सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट सुपरिवेक्षण गराई पुनरावलोकनका लागि शिक्षा तथा मानब श्रोत विकास केन्द्रमा पठाउने ।
- राजपत्र अनंकित र श्रेणीविहिन कर्मचारीको हकमा सुपरिवेक्षण, पुनरावलोकन तथा पुनरावलोकन समितिको कार्य नि.से.नि.अनुसार जिल्ला प्रशासन कार्यालयबाटै सम्पन्न गर्ने गराउने ।

**२) राष्ट्रिय परीक्षा बोर्ड, शाखा कार्यालयहरुमा कार्यरत निजामती कर्मचारीको हकमा-**

- जिल्ला स्थित राष्ट्रिय परीक्षा बोर्डको प्रमुख र निजको श्रेणी बराबरको कर्मचारी कार्यरत भए त्यस्ता सबै कर्मचारीले आफू कार्यरत कार्यालयमै दर्ता गर्ने र सुपरिवेक्षणको लागि परीक्षा नियन्त्रण कार्यालयमा पठाउने ।
- अन्य राजपत्रांकित कर्मचारीको सुपरिवेक्षण कार्यालय प्रमुखबाट गराई पुनरावलोकनको लागि परीक्षा नियन्त्रण कार्यालयमा पठाउने ।
- राजपत्र अनंकित र श्रेणीविहिन कर्मचारीको सुपरिवेक्षण र पुनरावलोकन गराई पुनरावलोकन समितिको लागि परीक्षा नियन्त्रण कार्यालयमा पठाउने ।

**३) प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको हकमा-**

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७५।७६, च.नं.१९, मिति २०७५।४।३ को पत्रबमोजिम गर्ने (सो पत्र यस मन्त्रालय र संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको वेभसाईटमा समेत हेर्न सकिने छ)

(बालकृष्ण पन्थी)
सहसचिव

**बोधार्थ तथा कार्यार्थ :**
श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी ।
श्री परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी ।
श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी ।
श्री प्रमुख जिल्ला अधिकारीहरु, सवै ।